सूचना २

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा ९ को उप-दफा (१) को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी देहायका उद्योगहरूलाई पनि कृषिमा आधारित विशेष उद्योगको वर्गमा तोकेको छ ।

१) तरकारी बेर्ना, फलफूलका बिरूवा, सजावटको बिरूवा, फूलका बेर्ना, वन बिरूवा, तरकारी तथा फलफूलका बीउ उत्पादनसम्बन्धी उद्योग ।

२) कफि खेती तथा प्रशोधनसम्बन्धी उद्योग ।

३) जडीबुटी खेती तथा प्रशोधनसम्बन्धी उद्योग ।

४) अदुवा खेती तथा प्रशोधनसम्बन्धी उद्योग ।

आज्ञाले,
भुवनेश्वर खत्री
श्री ५ को सरकारको सचिव

सूचना विभाग, सिंहदरबार

60

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।